[प्रदेश अनुसन्धान तथा प्रशिक्षण ऐन, २०७९ द्वारा स्थापित]

# प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान

## कोशी प्रदेश, भद्रपुर, झापा

पत्र संख्या : ०८०/०८१

चलानी नं. :

मिति : २०८१-०१-२३

## विपन्न विद्यार्थीका लागि लोकसेवा तयारी कक्षा संचालन सम्बन्धी सूचना

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेशको चालु आ.व. को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत विपन्न विद्यार्थीका लागि प्रदेश प्रशासन सेवाको चौथों तहको पाठ्यक्रम अनुरुपको ३० दिनको नि:शुल्क आवासीय लोकसेवा तयारी कक्षा पहिलो चरणमा मिति २०८१।०१।२० गते देखि सञ्चालन भई रहेको र दोश्रो चरणको लागि यस प्रतिष्ठानले तयारी कक्षा संचालन गर्ने भएको हुँदा कोशी प्रदेश भित्र स्थायी बसोबास गर्ने ईच्छुक विद्यार्थीहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र तपशिलका कागजात सहित निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल:

१. सम्पर्क फोन/ मोवाईल नम्बर र ठेगाना समेत स्पष्ट खुलाएको व्यक्तिगत निवेदन ।

२.आवेदकको कम्तीमा एस.एल.सी./ एस.ई.ई. तहको परिक्षा उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपी।

३. आवेदकको उमेर र स्थायी बसोबासको ठेगाना खुल्ने जुनसुकै सरकारी निकायबाट जारी भएको परिचय पत्रको प्रतिलिपी ।

४. आवेदकको उमेर १८ वर्ष पुरा भई पुरुषको हकमा ३५ वर्ष र महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

५. अनिवार्य रुपमा विपन्नताको सिफारिश सम्बन्धित स्थानीय तहबाट भएको हुनुपर्ने ।

६. अपाङ्ग आवेदकको हकमा अपाङ्गताको परिचय पत्रको प्रतिलिपी पेश गर्नुपर्ने ।

७. आवेदकको माथिको कागजात सहित मिति २०८१।०२।०८ गते भित्र Email मार्फत वा कार्यालय समयमा प्रतिष्ठानमा निवेदन दर्ता गर्नुपर्नेछ ।

८. प्राप्त आवेदनबाट अन्तिम सूचि तयार गर्दा अपाङ्ग, मुस्लिम, मधेशी, थारु, आर्थिक रुपले विपन्न खस/ आर्य, दलित, महिला तथा आदिवासी/ जनजातिलाई पहिलो प्राथमिकता दिइनेछ ।

९. आवेदन दिनु पर्ने ठेगाना - प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, कलबलगुरी, झापा ।
Email: prta.loksewatayari@gmail.com

१०. कार्यालय सम्पर्क नम्बरः- ०२३-४५२१०८/४५२०७८

११. कक्षा सञ्चालन हुने मिति र समयः- आवेदनको मिति समाप्त भएपछि प्रतिष्ठानले प्रकाशन गर्नेछ ।

१२. सम्पर्क व्यक्तिः- सुरेश भट्टराई (मोवाइल नं. ९८४२६२६२७०) ।